नेपाल सरकार
# कृषि विकास मन्त्रालय
योजना महाशाखा

☎ ४२११६६५
फ्याक्स ४२११९३५

सिंहदरबार
काठमाण्डौं, नेपाल

प.सं : यो.ब.का. ७३/७४
च.नं. : १९०

मितिः २०७३/०६/१६

विषयः मत्स्य विकास निर्देशनालय अन्तर्गतका कार्यविधिहरु सम्वन्धमा ।

श्री कृषि विभाग, हरिहरभवन ।

प्रस्तुत विषयमा तहाँ विभाग मार्फ पेश भएको मत्स्य विकास निर्देशनालय अन्तर्गतका देहाय बमोजिमका कार्यविधिहरु सम्बन्धमा नेपाल सरकार (सचिवस्तर) मिति २०७३/०६/१३ को निर्णय अनुसार तपसिल बमोजिम स्वीकृत तथा संसोधन भएको हुँदा आवश्यक कार्यवाहीकोलागि तहाँ पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध गरिन्छ ।

१. मत्स्य उत्पादन विशेष कार्यक्रम कार्यान्वयन कार्यविधि २०७२ (पहिलो संसोधन) २०७३
२. सहभागितात्मक ट्राउट विकास कार्याक्रम कार्यान्वयन कार्यविधि (पहिलो संसोधन) २०७३
३. वृहत्तर रेन्बो ट्राउट विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७३
४. एक हेक्टर जलाशय नर्सरी पोखरी निर्माण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७३
५. कार्प ह्याचरी निर्माण एवं व्यस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७३

तपसिल

क) साना तिना टुक्रे कार्यक्रमै पिच्छे कार्यविधि बनाउनुको सट्टा एक निकाय (केन्द्रीय/आयोजना/विभाग/निर्देशनालय/केन्द्र) एक कार्यविधि/निर्देशिका तयार गरी आवश्यक बमोजिम सोही कार्यविधि/निर्देशिकामा संसोधन थप पेश गर्ने व्यवस्था मिलाउने

ख) मत्स्य उत्पादन विशेष कार्यक्रम कार्यान्वयन कार्यविधिमा "देशका सम्भावित सबै क्षेत्रमा संचालन हुने" भनि उल्लेख भएकोमा तराईका २० जिल्लाबाट कार्यक्रम अनावश्यक रुपमा विस्तार हुने देखिएकोले सम्भावित क्षेत्रको व्याख्या गरी वास्तविक माछा उत्पादन हुने स्थान/क्षेत्र/जिल्ला तोक्नु पर्ने

ग) अनुदान वितरण गर्ने सम्बन्धमा रु. १ लाख सम्मको अनुदानमा पहिलो किस्तामा ४० प्रतिशत र दोश्रो किस्ता कार्यसम्पन्न भैसकेपश्चात ६० प्रतिशत, १ लाख भन्दा बढिको अनुदान वितरणमा ३ किस्तामा (३०-५०-२० प्रतिशत) किसानको खातामा जम्मा गरिदिने व्यवस्था मिलाउने

घ) यस प्रकार किस्तावन्दी अनुदान दिने व्यवस्था सम्वन्धमा अन्य सबै प्रकारका अनुदान वितरण गर्ने निकायहरुमा समेत आवश्यक निर्देशन हुन ।

सन्तोष अधिकारी
कृषि अर्थविज्ञ

नेपाल सरकार

# एक हेक्टर जलाशयको नर्सरी पोखरी निर्माण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३

नेपाल सरकार (सचिवस्तर) मिति २०७३/ / को निर्णय अनुसार स्वीकृत

२०७३ भाद्र

# एक हेक्टर जलाशयको नर्सरी पोखरी निर्माण

## पृष्ठभूमि

राज्यमा विद्यमान सार्वजनिक जलाशय जस्तै घोल, ताल, दह, सिमसार, पुराना पोखरी र अन्य बालीको सम्भाब्यता नभएका जग्गामा माछापालनमा प्रयोगका निमित्त हाल पोखरी निर्माणको लहर बढ्दो क्रममा रहेको र राज्यले पनि मत्स्यपालन क्षेत्र विस्तार कार्यक्रमलाई प्राथमिकता दिएको अवस्था रहेको छ। विगत केही वर्ष देखि मत्स्यपालन व्यवसाय क्रमशः सघनीकरण हुँदै गएको पाइएको छ। क्षेत्र विस्तारको संगसंगै यसलाई आवश्यक पर्ने मत्स्य विज आपुर्तीमा समस्या आउन सक्ने हुँदा र उत्पादन बृद्धिका लागि ठुलो साईजको माछा भुरा (फिंगरलिङ) को आवश्यकता परिपुर्तीका लागि पनि नर्सरी पोखरी निर्माण हुन नितान्त आवश्यक छ। फिङ्गरलिङ्ग आपुर्तिमा निजीक्षेत्रको सहभागीता बढ्न जानुका साथै समयमानै माछाभूरा आपूर्तिको समस्या समाधान हुनुका साथै माछा उत्पादनमा बृद्धि भई रोजगारीमा समेत उल्लेखनीय टेवा पुग्ने हुँदा यस किसिमको नर्सरी पोखरी निर्माण गर्ने कार्यकोलागि यो कार्यविधि तयार गरिएको छ।

## परिच्छेद१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम "एक हेक्टर जलाशयको नर्सरी पोखरी निर्माण कार्यविधि, २०७३" हुनेछ ।

(ख) यो कार्यविधि स्वीकृत भएको मितिबाट तुरुन्त प्रारम्भ हुनेछ।

२.परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यक्रम" भन्नाले एक हेक्टर जलाशयको नर्सरी पोखरी निर्माण कार्यक्रम बुझ्नु पर्दछ।

(ख) "कार्यालय" भन्नाले जिल्ला कृषि विकास कार्यालय बुझ्नु पर्दछ।

(ग) "निर्देशनालय" भन्नाले मत्स्य विकास निर्देशनालय बुझ्नु पर्दछ।

(घ) "कार्यक्रम कार्यान्वयन केन्द्रीय समिति" भन्नाले मत्स्य उत्पादन विशेष कार्यक्रम अन्तर्गत गठित कार्यक्रम समन्वय तथा अनुगमन समितिलाई बुझाउँदछ।

(ङ) "मत्स्य नर्सरी" भन्नाले मत्स्य विज (ह्याच्लीङ र फ्राई) हुर्काउने सुविधा सहितको मत्स्य विज (फ्राई र फिङगरलिङ) उत्पादन गर्ने थलो जनाउँदछ।

**३ .कार्यक्रम संचालनको लक्ष्य एवं उद्देश्यः**

लक्ष्य :

- मत्स्य उत्पादन एवं उत्पादकत्वमा बृद्धि गर्ने ।
- गुणस्तरीय मत्स्य बिज(फिङ्गरलिङ्ग) आपुर्तीमा क्रमशः अत्मनिर्भर हुँदै जाने।

उदेश्य :

- मत्स्य विज (फ्राई तथा फिंगरलिङ) वितरणमा क्षेत्रगत आपुर्ती सन्तुलनता कायम गरी बेमौसमी वितरणमा सहज पुऱ्याउने।

## परिच्छेद २

## कार्यक्रम संचालन प्रक्रिया

**४ कार्यक्रम संचालन सम्बन्धमा देहाय बमोजिमका प्रकृया रहनेछन्।**

(क) यस कार्यक्रम अन्तरगत एक हेक्टर जलाशयको नर्सरी पोखरी निर्माणमा सहयोग गरी मत्स्यविज आपुर्ती ब्यबस्थापनमा सहज गरिने छ।

(ख) यो कार्यक्रम राज्यको जुनसुकै सम्भाब्य जिल्ला/क्षेत्रमा सन्चालन गर्न सकिनेछ।

(ग) यो कार्यक्रम अन्तर्गत कम्तीमा १ हे. जलाशय हुने गरी ०.०५-०.२ हे. जलाशय साईजका नर्सरी तथा रियरिङ पोखरीहरु निर्माण गर्नु पर्नेछ र आवश्यकता अनुरूपको वितरण एवं कन्डीसिनङ टैंक समेत निर्माण गर्नु पर्नेछ।

(घ) कार्यक्रम सम्पादन गर्दा कृषक/ब्यबसायी/निजीफार्म/समुह/सहकारीबाट कम्तीमा कुल लागत खर्चको ५० प्रतिशत सहभागिता हुनु पर्नेछ।

(ङ) नर्सरी पोखरी निर्माण पश्चात त्यस क्षेत्रमा आवश्यक पर्ने ह्याचलिङ्ग तथा फ्राईको आपुर्ति ब्यबस्थाको लागि सरकारी श्रोत केन्द्रलाई प्राथमिकता दिईनुका साथै मत्स्यविजको मूल्य व्यवसायी आफैंले व्यहोर्नु पर्नेछ।

(च) १ हेक्टर जलाशयको नर्सरी पोखरीहरू निर्माणका लागि कृषि विभाग अन्तर्गतका सम्बन्धित मत्स्य प्राविधिकले तयार गरेको लागत इष्टिमेट/प्रतिवेदन एवं मार्गदर्शनको आधारमा बढीमा रू. ५,००,०००। सम्बन्धित कृषक/ब्यबसायी/निजीफार्म/समुह/सहकारीको बैंक खातामा अनुदान उपलब्ध गराईने छ।

(छ) यो कार्यक्रम अन्तर्गत कम्तीमा १ मिटर गहिरो जलाशय भएको नयाँ नर्सरी पोखरीहरू निर्माण (माटोकोकाम, प्रवेशद्वार एवं निकासद्वार निर्माण, पानीको व्यवस्थापन आदि) र कन्डीसनिङ एवं वितरण ट्यांक निर्माणको कार्य सम्पन्न गर्नु पर्नेछ।

(ज) यो कार्यक्रम सम्पन्न पश्चात कम्तीमा ५ बर्षसम्म बार्षिक १५,००,०००(पन्ध्र लाख)फ्राई तथा फिङगरलिङ उत्पादन तथा वितरण गर्नु पर्ने अनुसूची ३ बमोजिम प्रतिबद्धता गर्नु पर्नेछ।

(झ) यस कार्यक्रम कार्यवन्यनका लागि मत्स्य उत्पादन विशेष कार्यक्रम अन्तर्गत गठित कार्यक्रम समन्वय तथा अनुगमन समितिले गर्नेछ र आवश्यक परेमा सहजीकरण एवं समन्वयको व्यवस्था गर्न उपसमिति गठन गर्न सक्नेछ।

(ञ) यो कार्यक्रमलाई सन्चालन गर्ने मत्स्य विकास निर्देशनालायले तोकेको मत्स्य विकास केन्द्र र सम्बन्धित जिल्ला कृषि विकास कार्यालय समन्वय तथा प्राविधिक सहयोगिको भुमिकामा रहनेछन्।

(ट) यो कार्यक्रम संचालनको लागि मत्स्य विकास निर्देशनालयबाट राष्ट्रिय दैनिक पत्रिकामा सूचना आह्वान हुनेछ।

(ठ) यो कार्यक्रम संचालन गर्नको लागि छनौट भएका जिल्लाका कृषकहरुले सम्वन्धित जिल्ला कृषि विकास कार्यालयमा तोकिएको समयभित्र सूचनामा उल्लेख भए बमोजिम अनुसूची १ को ढाँचा र अनुसूची २ बमोजिमको प्रस्तावना अनुरूप आबश्यक कागजात सहित निवेदन पेश गर्नु पर्नेछ।

(ड) सम्बन्धित जिल्ला कृषि विकास कार्यालयले प्रस्तावना अनुरुप रितपुर्वकका प्राप्त निवेदनहरू मत्स्य विकास निर्देशनालयमा पठाउनु पर्नेछ।

(ढ) मत्स्य विकास निर्देशनालयले तोकिएको मत्स्य विकास केन्द्र र सम्बद्ध जिल्ला कृषि विकास कार्यालयको समन्वयमा स्थलगत अध्ययन गरी संभाव्य देखिएका निवेदनहरुको सूची तयार गरी कार्यक्रम समन्वय तथा अनुगमन समिति समक्ष पेश गर्नु पर्नेछ।

(ण) मत्स्य विज आवश्यकताको आधारमा सोही समितिले मूल्यांकन विधि तय गरी मूल्यांकन तथा छनोट गर्नेछ।

(त) मत्स्य विकास निर्देशनालयले तोकिएको मत्स्य विकास केन्द्र र सम्बन्धित जिल्ला कृषि विकास कार्यालयको रोहवरमा आयोजना स्थलमा नै अनुसूची ३ बमोजिम प्रतिबध्दता गरी अनुसूची ४ अनुरूप सम्झौता तथा कार्यादेश दिनेछ।

परिच्छेद ३

अनुगमन व्यवस्था

**५. अनुगमन तथम मूल्यांकन ब्यबस्थाः** यस कार्यक्रमको अनुगमन तथा मूल्यांकन देहाय बमोजिमहुनेछ।

कार्यक्रमको अनुगमन तथा मूल्यांकन सम्वन्धित जिल्ला कृषि विकास कार्यालय तथा मत्स्य विकास केन्द्र, राष्ट्रिय प्राकृतिक तथा कृत्रिम जलाशय मत्स्य विकास कार्यक्रम, क्षेत्रीय कृषि निर्देशनालय, मत्स्य विकास निर्देशनालय/ कार्यक्रम समन्वय तथा अनुगमन समिति, कृषि विभाग र कृषि विकास मन्त्रालयवाट हुनेछ।

परिच्छेद ४

विविध

**६. प्रचलित कानुन लागु हुनेः** प्रचलित कानुनमा व्यवस्था भएका बिषयहरुका सम्वन्धमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्वन्धमा यसै कार्यविधि बमोजिम हुनेछ।

**७. अन्तिम व्याख्याः** यस कार्यविधिको वुझाईमा द्विविधा भएमा कृषि विकास मन्त्रालयले गरेको व्याख्या अन्तिम हुनेछ।

**८. अनुसूचीमा हेरफेर गर्न सक्नेः** यस कार्यविधिमा संलग्न अनुसुचीहरु(आर्थिक विषय बाहेक)मा कृषि विकास मन्त्रालयको सहमतिमा आवश्यकता र सम्भावनाका आधारमा परिमार्जन गर्न सकिनेछ।

**९. खारेजी तथा संशोधनः** कृषि विकास मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधिमा विधिपूर्वक संसोधन तथा खारेजी गर्न सक्नेछ।

**१०. कार्यक्रममा सहभागी नगराइनेः** सम्झौता गरी मनासिव कारण बाहेक कार्यक्रम संचालन नगर्ने कृषकहरुलाई आगामी वर्षको कार्यक्रममा सहभागी गराइने छैन।

परिच्छेद ५

आर्थिक पक्ष

मत्स्य विकास निर्देशनालयले कृषक/ब्यबसायी/निजीफार्म/समुह/सहकारीलाई देहायबमोजिम अनुदान रकम प्रवाह गर्नेछ।

| क्र.सं. | विवरण | अनुदान रकम (रु.) | कृषकको दायित्व | भुक्तानी विधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | एकहेक्टरजलाशयकोनर्सरीपोखरी निर्माण | बढीमा रु. ५,००,०००।- | अनुदान रकम कुल लागत खर्चको ५०% भन्दा वढी हुनेछैन। | मत्स्य विकास निर्देशनालयले प्राप्त कागजातको आधारमा कृषक/ब्यबसायी /समुह/ सहकारीको बैंक खातामा रकम पठाउने ब्यबस्था गर्नेछ। | |
| २ | अनुगमन एवं प्रशासनिक खर्च | लागतको २.५ प्रतिशत) | | प्रशासनिक एवं आवश्यकता र औचित्यताको आधारमा सम्भाब्यता र अनुगमन कार्यको लागि मत्स्य विकास निर्देशनालयले आबश्यक ब्यबस्था मिलाई खर्च गर्न सक्नेछ । | |

अनुसूची - १

*परिच्छेद २ दफा ४ (ठ) संग सम्बन्धित*

एक हेक्टर जलाशयको नर्सरी पोखरी निर्माण कार्यक्रमको लागि अनुदान सहयोग प्राप्त गर्न दिईने आवेदन-पत्र

श्रीमान् कार्यक्रम निर्देशकज्यू

मत्स्य विकास निर्देशनालय, बालाजु, काठमाडौं।

मार्फत

श्रीमान् प्रमुखज्यू

जिल्ला कृषि विकास कार्यालय

...................

विषयः अनुदान सहयोग उपलब्ध गराई दिने बारे।

मलाई एक हेक्टर जलाशयको नर्सरी पोखरीहरू निर्माण गरी ब्यवसायीक मत्स्य पालनकालागि मत्स्य विज (फ्राई तथा फिङगरलिङ) उत्पादन तथा वितरण गर्ने इच्छा भएकोले निम्नानुसार कागजात राखी नियमानुसारको अनुदान सहयोग उपलब्ध गराई पाउन निबेदन गर्दछु। मेरो आवेदन तथा प्रस्ताव स्वीकृत भएमा सम्बन्धित जिल्ला भित्रै रही संलग्नप्रेषित प्रस्ताव तथा प्रतिबद्धता अनुरुपको कार्य गर्नेछु।

<u>तपसिल</u>

१ रू. १० को टिकट टाँसेको अवेदन।

२ नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी।

३ जग्गाधनी पुर्जा वा ठेक्का भए कम्तीमा ५ सम्म ठेक्का लिएको आधिकारिक करार पत्र र सम्बन्धित जग्गाधनीको पुर्जाको प्रतिलिपि।

४ घटीमा ५ बर्षसम्म प्रस्तावित ब्यवसाय सन्चलन गर्ने र बार्षिक १२ लाख फिङगरलिङ उत्पादन तथा वितरण गर्ने प्रतिबद्धता पत्र।

५ तालिम तथा शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि।

६ कार्ययोजना । प्रस्ताव।

७ संघ/संस्था भए सम्बन्धित निकायबाट दर्ता प्रमाण पत्र र नविकरणको प्रमाणित प्रतिलिपी ।

निबेदन पेश गर्नेको नाम, थरः

समुह/संघ/संस्था भए नामः

ठेगानाः

सम्पर्क फोनः

दस्तखतः

मितिः २०७ ......।...... । ...

| संस्थाको छाप |
| --- |
| |

५/९

अनुसूची - २

*परिच्छेद २ दफा ४ (ठ) संग सम्बन्धित*

## एक हेक्टर जलाशयको नर्सरी पोखरी निर्माण गर्ने प्रस्तावनाको ढाँचा

| | |
|---|---|
| १.कृषक/ब्यबसायी/ निजीफार्म/समुह/सहकारीको नामः | |
| २. ठेगानाः | ३. लिङ्गः |
| ४. परियोजनाको क्षेत्रफलः | ५. परियोजना स्थलः |
| ६. शैषिक येग्यताः | |
| ७. ह्याचरी/नर्सरी ब्यबस्थापन सम्बन्धी तालिम लिएको भएः | |
| क) तालिमको बर्षः | ख) अबधीः .. .. .. .. .. .. .. .. .. देखि .. .. .. .. .. .. .. .. .. .. .. सम्म |
| ग) प्रदान गर्ने संस्थाः | |

८. प्रस्तावित नर्सरी पोखरीहरूको रेखाङ्कनः

| पोखरी नं. | पोखरीको किसिम (नर्सरी/ रियरिङ/ वितरण/कन्डीसनिङ | लम्बाई(मि.) | चौडाई (मि.) | क्षेत्रफल (हे.) | जलाशयको गहिराई(मि.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |
| ११ | | | | | | |
| १२ | | | | | | |
| १३ | | | | | | |
| १४ | | | | | | |
| १५ | | | | | | |

नोटः पोखरीको किसिम-नर्सरी ४० प्रतिशत, रियरिङ ५५ प्रतिशत र बाँकी वितरण एवं कन्डीसनिङ हुनु पर्नेछ।

९. संलग्न हुने जनशक्तिको विवरण

| विवरण | संख्या | योग्यता | खर्च हुने रकम (रू.) |
|---|---|---|---|
| सुरक्षा | | | |
| फार्म ब्यबस्थापन | | | |
| प्राविधिक | | | |

६/९

१०. पाँच बर्षको उत्पादन अनुमान (गोटा हजारम)

| माछाको जात | पहिलो बर्ष | | दोश्रो बर्ष | | तेश्रो बर्ष | | चौथो बर्ष | | पांचौ बर्ष | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | फ्राई | फिङगर लिङ्ग | फ्राई | फिङगर लिङ्ग | फ्राई | फिङगर लिङ्ग | फ्राई | फिङगर लिङ्ग | फ्राई | फिङगर लिङ्ग |
| कमनकार्प | | | | | | | | | | |
| सिल्भरकार्प | | | | | | | | | | |
| विगहेडकार्प | | | | | | | | | | |
| ग्रासकार्प | | | | | | | | | | |
| रहु | | | | | | | | | | |
| नैनी | | | | | | | | | | |
| भाकुर | | | | | | | | | | |
| अन्य | | | | | | | | | | |
| | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |

११. विशेष अनुभव

| कार्य | अनुभवको विवरण |
|---|---|
| नर्सिङ सम्बन्धि | |
| रियरिङ सम्बन्धी | |
| पालन सम्बन्धि | |

**१२. नयाँ सोच भए उल्लेख गर्नुहोस्।**

______________________________

______________________________

______________________________

______________________________

**प्रस्तावकको**

नाम, थर:

संस्थाको छाप: (संस्थाको हकमा)

ठेगाना:

दस्तखत:

मिति:

७/९

## अनुसूची - ३

*परिच्छेद २ दफा ४ (त) संग सम्बन्धित*

### प्रतिबद्धता पत्र

मत्स्य विकास निर्देशनालयको मिति २०७.....।.....।...... को सूचना अनुरूप एक हेक्टर जलाशयको नर्सरी पोखरी निर्माण गरी मत्स्य विज उत्पादन (विशेष गरी फ्राई तथा फिंगरलिङ) उत्पादन तथा वितरण गर्न ईच्छुक भई सो कार्यक्रममा सहभागिताको लागि कार्ययोजना सहितको आवेदन पेश गरेको छु । छौं । उक्त कार्यक्रममा छनोट भएमा कार्य योजनामा उल्लेख भए बमेजिमको कार्य गर्ने गरी घटीमा ५ बर्ष सम्म निरन्तरता दिंदै कम्तीमा बार्षिक १५ लाख फ्राई तथा फिंगरलिङ उत्पादन तथा वितरण गर्ने छु । छौं । अन्यथा नेपाल सरकारको ऐन कानुन बमोजिम सहुंला बुझाउंला र प्रस्तावित कार्यहरूका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको र सन्चालित कृयाकलापबाट बाताबरणलाई असर नपुर्‍याउने प्रतिबद्धता समेत ब्यक्त गर्दछु । छौं ।

इति सम्बत २०७ . . . . . . . . . . . गते रोज . . . शुभम्

नाम, थरः

संस्था भए संस्थाको नामः

वतनः

दस्तखतः

मितिः

संस्थाको छापः

| दांया | बांया |
|---|---|
| | |

८/९

अनुसूची - ४

(परिच्छेद-२ दफा ४ (त) सँग सम्बन्धित)

**एक हेक्टर जलाशयको नर्सरी पोखरीहरू निर्माण कार्यक्रम सन्चालनका लागि गरिने सम्झौता-पत्र**

मत्स्य विकास निर्देशनालय (यस पछि पहिलो पक्ष भनिने) को आर्थिक वर्ष ............. को वार्षिक स्वीकृत कार्यक्रम अनुरूप एक हेक्टर जलाशयको नर्सरी पोखरीहरू निर्माण कार्यक्रम सन्चालनका लागि तोकिएको मत्स्य विकास / तालिम केन्द्र.................... र जिल्ला विकास कार्यालय ....................को रोहवरमा एक हेक्टर जलाशयको नर्सरी पोखरीहरू निर्माण कार्यक्रम श्रीकृषक/ब्यबसायी/ निजीफार्म/समुह/सहकारी / समुह / संघ / संस्था (यसपछि दोस्रो पक्ष भनिने) ले पहिलो पक्षबाट स्वीकृत गरी अनुमति दिईएकोले देहाय बमोजिमको शर्तनामाहरू गरी गराई कार्य सम्पन्न गर्न सहमती भई पहिलो र दोस्रो पक्ष विच यो सम्झौता भएको छ ।

**तपसिलः**

(१) पहिलो पक्ष र रोहवरमा उल्लेखित निकायबाट दोस्रो पक्षले आबश्यक प्राविधिक सल्लाहा एवं सुझाव प्राप्त गरी प्रस्ताव अनुसारको सम्झौता गरिएको मितिले ................................ भित्र काम सम्पन्न गर्नेछ।

(२) दोस्रो पक्षले सम्पन्न गरिएको कामको मूल्यांकन पहिलो पक्षबाट निर्देशित मत्स्य प्राविधिकबाट कार्य सम्पन्न प्रतिबेदन बनाई रोहवरमा उल्लेखित निकायको सिफारिसमा भुक्तानीको लागि पहिलो पक्षमा पठाउनु पर्नेछ।

(३) पहिलो पक्षले प्राप्त कागजातको आधारमा दोस्रो पक्षको बैंकखातामा चेकबाट अनुदान रकम उपलब्ध गराउनेछ।

(४) पहिलो पक्षले तोकिएको मत्स्य विकास/तालिम केन्द्र र जिल्ला कृषि विकास कार्यालयको समन्वय एवं संयुक्ततामा दोश्रो पक्षले प्रस्ताव बमोजिमको नियमित ब्यबसाय सन्चालन गरे नगरेको अनुगमन गर्नेछ।

(५) यस सम्झौतामा उल्लेखित कार्य गर्दा परिआउन सक्ने कुनैपनि प्राकृतिक प्रकोप र भवितब्यको पूर्ण जिम्मेवारी दोस्रो पक्ष स्वयं आफैं हुनेछ।

(६) दोस्रो पक्षले ब्यबसायको बीमा गरेको हुनु पर्नेछ ।

(७) यस सम्झौतामा उल्लेख भएको भन्दा अन्य ब्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ ।

| **पहिलो पक्षको तर्फबाट** | **दोस्रो पक्षको तर्फबाट** |
|---|---|
| नाम, थर | ब्यक्ति/निजी फर्म/समुह/संघ/संस्थाको |
| पदः | नामः |
| कार्यालयको नामः मत्स्य विकास निर्देशनालय | पदः |
| दस्तखतः | दस्तखतः |
| सम्पर्क फोनः ०१ ४३५०८३३ | मिति |
| कार्यालयको छापः | औंठाको छाप/संस्थाको छापः |
| रोहवर | सम्पर्क फोनः |
| जिल्ला कृषि वकास कार्यालय ............ | बैंकको नाम र ठेगानाः |
| पद, नाम, थरः | खाताको किसिमः बचत / चल्ती |
| दस्तख र मितिः | डिजिटल खाता नं./: |
| मत्स्य विकास । तालिम केन्द्र ............ | |
| पद, नाम, थरः | रोहवरः नाम, थरः |
| दस्तख र मितिः | दस्तखतः |